नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
नोट लेजर फांट

थापाथली, काठमाडौं, सिंहमहल
फोन नं.: ४२४९५४३, ४२२७२८३
फ्याक्स : ९७७ १ ४२४९५४१
४२४२२८४
E-mail : noteledger@nrb.org.np
Website: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : रावा एनपी
पोष्ट बक्स : ३५९

पत्र संख्या : मु.नो.ले. २१ /०७२/७३

मिति : २०७२/०४/२५

श्री नेपाल राष्ट्र बैंक
विराटनगर/जनकपुर/विरगञ्ज/पोखरा/सिद्धार्थनगर/नेपालगञ्ज र धनगढी कार्यालय ।

विषय : नोटकोष निरीक्षण कार्यमा भएको नीतिगत व्यवस्था कार्यान्वयन गर्ने सम्वन्धमा ।

महाशय,

नोटकोष निरीक्षण कार्यलाई व्यवस्थित र स्पष्ट नीतिगत व्यवस्था गर्नको साथै नोटकोष निरीक्षणको उद्देश्य पुरा गर्नको लागि कार्यक्षेत्रको निर्धारण एवं सो कार्यका लागि खटिने कर्मचारीको सम्बन्धमा थप स्पष्टता गर्न आवस्यक भएकोले यस विभागको पत्र संख्या मु.आ.प्र./०६२ मिति २०६२/०५/०५ को परिपत्रबाट गरिएको व्यवस्थामा केही संशोधन सहित परिमार्जन गर्ने निर्णय भएकोले मिति २०७२ श्रावण १ गते देखि लागू हुने गरी देहाय वमोजिमको परिमार्जित व्यवस्था कार्यन्वयन गर्नु गराउनु हुन यो परिपत्र जारी गरिएको छ ।

१. विभाग र जिल्लास्थित कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र रहेको केही नोटकोष कार्यालयहरुको हेरफेर भएको सन्दर्भमा अव उप्रान्त देहायका नोटकोष कार्यालयहरुको मात्र निरीक्षण गर्ने गरी स्वीकृति प्रदान गरीएको छ :-

| क्र.स. | नेपाल राष्ट्र बैक | राष्ट्रिय वाणिज्य बैंक | नेपाल बैंक लिमिटेड | कुल नोटकोष |
|---|---|---|---|---|
| १ | मुद्रा व्यवस्थापन विभाग | नाम्चे, सल्लेरी, धुलीखेल, धादिङ्ग, ओखलढुङ्गा, रामेछाप, दिक्तेल | चरीकोट, धुन्चे, त्रिशुली, चौतारा, | ११ |
| २ | विराटनगर | भद्रपुर, भोजपुर, धनकुटा, खाँदवारी, इनरुवा, राजविराज | तेह्रथुम, इलाम, ताप्लेजुङ्ग, फिदिम | १० |
| ३ | जनकपुर | जलेश्वर, सिन्धुली, सिराहा, गाईघाट | मलङ्गवा | ५ |
| ४ | वीरगन्ज | गौर,कलैया,भरतपुर | हेटौडा | ४ |
| ५ | पोखरा | बेशीसहर, गोरखा | बाग्लुङ्ग, जोमसोम, वेनी, दमौली, स्याङजा, मनाङ्ग | ८ |
| ६ | सिद्धार्थनगर | परासी, तौलिहवा, पाल्पा, सन्धीखर्क, गुल्मी | प्युठान, रोल्पा | ७ |
| ७ | नेपालगन्ज | गुलरिया, मान्मा कालिकोट, सुर्खेत, दैलेख, जुम्ला, हुम्ला सिमिकोट,मुगु, तुल्सीपुर | घोराही, जाजरकोट, सल्यान, मुसीकोट, डोल्पा | १३ |
| ८ | धनगढी | डोटी, महेन्द्रनगर, बैतडी, दार्चुला, डडेलधुरा, अछाम मंगलसेन, बझाङ, बाजुरा | टिकापुर | ९ |

नोट : नेपाल राष्ट्र बैंकका जिल्लास्थित कार्यालयका नोटकोषहरुको निरीक्षण मुद्रा व्यवस्थापन विभागले गर्ने ।

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
नोट लेजर फांट

थापाथली, काठमाडौं, सिंहमहल
फोन नं.: ४२४९५४३, ४२२७२८३
फ्याक्स : ९७७ १ ४२४९५४१
४२४२२८४
E-mail : noteledger@nrb.org.np
Website: www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स : रावा एनपी
पोष्ट बक्स : ३५९

२ नोटकोष निरीक्षण गर्ने प्रयोजनको लागि दुई जना कर्मचारी मात्र खटाउने व्यवस्था यथावत कायम गर्ने । यस प्रयोजनको लागि मुद्रा व्यवस्थापन विभागको हकमा दुवै जना अधिकृत (प्राविधिक बाहेक) स्तरको कर्मचारी मात्र खटाउने । जिल्लास्थित कार्यलयहरुको हकमा सम्भव भएसम्म अधिकृत स्तर (प्राविधिक बाहेक) कै कर्मचारी खटाउनु पर्ने र सो सम्भव नभएमा अधिकृत स्तरको कर्मचारीको नेतृत्वमा प्रधान सहायक/सहायक द्वितीय (प्राविधिक बाहेक) स्तरको कर्मचारी खटाउन सक्ने व्यवस्था गर्ने ।

३ विषयको गाम्भिर्यतालाई दृष्टिगत गरी मुद्रा व्यवस्थापन विभागबाट कुनै पनि नोटकोष कार्यलयको आकस्मिक रुपमा विशेष निरीक्षण गर्न सकिने छ भने जिल्लास्थित कार्यालयबाट नोटकोषको विशेष निरीक्षण गर्न आवश्यक भएमा मुद्रा व्यवस्थापन विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।

भवदीय,

(चिन्तामणि सिवाकोटी)
कार्यकारी निर्देशक

बोधार्थ :

१. नेपाल राष्ट्र बैंक
आन्तरिक लेखा परीक्षण विभाग

२. नेपाल राष्ट्र बैंक
जनशक्ति व्यवस्थापन विभाग